नेपाल सरकार

उर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय

जलस्रोत तथा सिंचाइ विभाग

**सिंचाइ तथा जलस्रोत व्यवस्थापन आयोजना**

पोखरा, कास्की

चौथो त्रैमासिक (बैशाख, जेष्ठ र असार महिना)

आ.व. २०८१/०८२

# आयोजनाबाट सम्पादित कार्यको विवरण

(सूचनाको हक सम्बन्धि ऐन २०६४ को दफा (५) ३ को प्रयोजनको लागि)

सिंचाइ तथा जलस्रोत व्यवस्थापन आयोजना

पोखरा, कास्की

नेपालको सविधानको धारा २७ मा सूचनाको हकलाई नागरिकको मौलिकहकको रुपमा व्यवस्था गरेको छ। आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको जानकारी पाउने नागरिकको मौलिकहक कार्यान्वयनको लागि सुचनाको हक सम्बन्धी ऐन २०६४ कार्यान्वयनमा आएको छ। उक्त ऐनको दफा (५)३ मा प्रत्येक सार्वजनिक निकायले प्रत्येक ३। ३ महिनामा आफ्नो कार्यालयको सूचनाहरु प्रकाशन गर्नुपर्ने व्यवस्था गरेको छ। यो व्यवस्थालाई कार्यान्वयन गर्न सिंचाइ तथा जलस्रोत व्यवस्थापन आयोजना पोखरा, कास्कीले पनि यस्तो सूचनाहरु प्रकाशन गर्न पाउँदा खुसी लागेको छ ।

यो विवरणमा आ.व. २०८१/०८२ चौथो त्रैमासिक (बैशाख, जेष्ठ र असार महिना) तथा बार्षिकको सूचना लगायत अन्य विवरणहरु समावेश गरिएको छ। प्रस्तुत विवरणले सिंचाइ तथा जलस्रोत व्यवस्थापन आयोजाना, पोखरा, कास्कीको काम, कारवाही सम्बन्धमा सर्वसाधारणमा सूचना प्रवाह हुने तथा सुधारको सम्बन्धमा पृष्ठपोषण प्राप्त हुने अपेक्षा लिएको छु। साथै सुचनामा सर्वसाधारण नागरिकहरुको हकको सुनिश्चतता प्रदान गर्न यस आयोजना कार्यालय प्रतिबद्ध रहेको व्यहोरा अनुरोध छ ।

नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय
जलस्रोत तथा सिंचाइ विभाग
सिंचाइ तथा जलस्रोत व्यवस्थापन आयोजना
पोखरा, कास्की

बिदुर मान श्रेष्ठ
आयोजना प्रमुख
आयोजना प्रमुख
मिति : २०८२/०४/०१

## १. सिंचाइ तथा जलस्रोत व्यवस्थापन आयोजना, पोखरा, कास्की

नेपाल सरकार मन्त्रिपरिषदको मिति २०७३/०८/१२ को निर्णय अनुसार तत्कालिन रुपमा रुपाताल संरक्षण एकीकृत विकास परियोजना कार्यालयको स्थापना भएको हो ।आ.व. २०८१।०८२ देखि यस परियोजनाको नाम परिवर्तन भइ सिंचाइ तथा जलस्रोत व्यवस्थापन आयोजना भएको हो ।

शुरुमा रुपातालको जैविक विविधताको संरक्षण गरि आय आर्जन तथा पर्यटन विकासमा समेत टेवा पुग्ने गरी रुपातालमा बाँध बनाई साविकको पानीको गहिराइ लाई करिव ४ मी. ले वृद्धि गरी तालको क्षेत्रफल १२२ हे. बाट १८३ हे. पुऱ्याउने, जलधार क्षेत्रको संरक्षण, जलचरको संरक्षण, पर्यावरणीय पर्यटन विकास, रोजगारी सृजना, वातावरणीय संतुलन कायम गर्दै जलवायु परिवर्तनका असर न्यूनिकरणको लागि रुपाताल संरक्षण तथा विकास गर्ने जस्ता कार्यहरु समेटी कार्यालयको स्थापना भएको हो ।

प्रस्तावित परियोजना अन्तर्गत निर्माण गरिने विभिन्न कम्पोनेन्टहरुको विस्तृत अध्ययन प्रतिवेदन अनुसार ६(छ) वर्ष भित्र निर्माण कार्य सम्पन्न हुने गरी (DPR) तयार भैसकेको र स्वीकृत (DPR) अनुसार परियोजनाको जम्मा अनुमानित लागत रकम रु ४ अर्व ५२ करोड ८८ लाख रहेको छ । जस मध्य जग्गा अधिग्रहण मुअव्जाको लागि रकम रु. १ अर्व ३६ करोड अनुमान रहेको छ भने वांकि रकम पूर्वाधार निर्माण तर्फ रहेको छ ।कार्यालयको नाम परिवर्तन संगै हाल यस आयोजनाले जल उत्पन्न प्रकोपको न्यूनिकरण, सिंचाइ योजनाहरुको सर्वेक्षण, निर्माण तथा मर्मत, बाढी पहिरो, भू–क्षय जस्ता प्राकृतिक प्रकोप र नदी व्यवस्थापन सगँ सम्बन्धित कार्यहरु गर्नुका साथ साथै लिफट सिंचाइ योजनाहरु संचालन गर्दै आइ रहेको छ ।

### दृष्टिकोण

यस आयोजना अन्तर्गत रहेको कार्य क्षेत्रमा तालहरुको संरक्षण, कृषियोग्य भूमिमा कृषि उत्पादकत्वमा योगदान पुग्ने गरी बर्षैभरि दिगो एवं भरपर्दो सिंचाइ सुविधा पुराउने र जल उत्पन्न प्रकोपबाट सिर्जित मानवीय, भौतिक तथा आर्थिक हानी नोक्सानीलाई उपयुक्त प्रविधिको माध्यमबाट जोखिम न्यूनीकरण गर्दै जाने यस आयोजनाको दृष्टिकोण रहेको छ ।

### उद्देश्य :

- रुपातालमा बाँध निर्माण गर्दै जैविक विविधताको संरक्षण गरी पर्यटन प्रर्वद्धनमा टेवा पुर्याउने ।
- सिंचाइ योजनाहरु संचालन, नदी, खोला व्यवस्थापन तथा अन्य लिफ्ट सिंचाइहरुको निर्माणका कार्य गर्ने ।
- बाढी, पहिरो जस्ता जल उत्पन्न प्रकोपहरुको संरचनागत तथा गैरसंरचनागत प्रविधिबाट रोकथाम गरी सो बाट हुन सक्ने जनधनको क्षति न्यूनीकरण गर्नु र नदी, जलाधार क्षेत्र तथा जलजन्य पर्यावरणको संरक्षण गरी प्राकृतिक स्रोत साधन जस्ता पूर्वाधारका उपयोगिता लाई दिगो बनाउने ।
- नदी तथा पहिरो व्यवस्थापन कार्यमा संलग्न सरकारी तथा स्थानीय निकाय, गैरसरकारी एवम् सामुदायिक संघ, संस्थाका साथै निजी क्षेत्र सँग समन्वयात्म ढंगले कार्य गर्दैजाने ।
- उपलब्ध स्रोतको समुचित उपयोग गर्न सिंचाइ गुरुयोजनाको मर्मलाई आत्मसात गर्दै सिंचाइ क्षेत्रको दिगो विकास एवं विस्तार गर्दै कृषि उत्पादकत्वको अभिवृद्धि गर्ने
- कृषि योग्य जमिनमा सिंचाइ विकास तथा विस्तार गरी बर्षैभरी भरपर्दो सिंचाइ सुविधा पऱ्याउने ।
- सिंचाइ तथा जल उत्पन्न प्रकोप व्यवस्थापनका लागि निर्मित संरचनाहरुको समयमै उचित मर्मत संभार गरी दिगो र भरपर्दो बनाउने साथै प्रभावकारी जल व्यवस्थापन तथा आधुनिकरण गर्ने ।



नेपाल सरकार ... प्रमुख

- नदी तथा जलाधार व्यवस्थापनका लागि उपुक्त प्रविधिको विकास तथा प्रयोग आवश्यक संरचनागत तथा गैरसंरचनागत कार्य गरी जल उत्पन्न प्रकोपबाट हुने क्षति न्यूनिकरण गर्ने साथै जोखिम रहित जग्गा उकास गर्ने ।
- ठूला प्रकृतिका परिहरोहरुको व्यवस्थापनका लागि आवश्यक अध्ययन, अनुसन्धान र संरचनागत तथा गैरसंरचनागत कार्य गरी जनधनको क्षति न्यूनिकरण गर्ने ।
- सिंचाइ तथा जल उत्पन्न प्रकोप व्यवस्थापनका पूर्वाधार सम्बन्धि सूचना व्यवस्थापन प्रणालीको विकास तथा सुदृढीकरण गर्ने ।
- सिंचाइ, जल उत्पन्न प्रकोप, पहिरो र जलाधारको विकास एवं व्यवस्थापनको लागि संथागत विकास संगठनात्मक सुधार तथा यस क्षेत्रमा कार्यरत जनशक्तिहरुको क्षमता अभिवृद्धि गर्ने ।
- जलवायु परिवर्तनको प्रभावलाई सम्बोधन गर्न जलवायु जोखिम व्यवस्थापन सम्बन्धि कार्यक्रमहरु अनुकुलन र अल्पीकरण अवधारणालाई जलस्रोत तथा सिंचाइको विकास कार्यमा समावेश गर्दै संचालन गर्ने ।

## २. कार्य क्षेत्र तथा आयोजनाबाट प्रदानगरिने सेवाहरु

आयोजनाको कार्य क्षेत्र गण्डकी प्रदेश अन्तर्गतका कास्की, स्याङ्गजा, वाग्लुङ्ग, पर्वत, म्याग्दी, तनहुँ (केहि) र मुस्ताङ्ग जिल्लाहरु रहेका छन् ।

**सिंचाइ तथा जलस्रोत व्यवस्थापन आयोजना (साबिक) :**

आ.व. २०७३÷०७४ मा रुपाताल संरक्षण एकीकृत विकास परियोजना कार्यालयको स्थापना भए पछी गुरुयोजनाको स्वीकृति, परियोजनालाई आवश्यक पर्ने जग्गाको विवरण तयार गर्ने कार्य, स्रोत सुनिश्चितता, योजनाको रजिष्ट्रेशन, राष्ट्रिय योजना आयोगवाट योजना स्वीकृत, वातावरणीय प्रभाव मूल्यांकन स्वीकृतिको काम पुरा नभएकोले सालवसाली रुपमा काम हदै आईरहेको थियो । आ.व. २०७६/०७७ मात्र माथी उल्लेखित प्राय सवै प्रकृया पुरा गरी योजनाले मुहुर्त रुप धारण गरे पश्चात मात्र व्यवस्थीत रुपमा वहुवर्षिय ठेक्का व्यवस्थापन गर्न थालिएको छ ।

रुपाताल परियोजना अन्तरगत निर्माण गरिने मुख्य संरचनाहरु

- ६ मी. उचाई भएको जम्मा ६३५ मी लामो (स्पीलवे कम वृज तथा रोड समेत) वांध वन्ने छ ।
- वांधको तल्लो तटमा ३५० मी. लामो गाईड वण्डले संरक्षित पर्यटकहरुलाई लोभ्याउने आधुनिक तथा वहुउद्देशिय वाटिका (Park) वन्ने छ ।
- हाल भएको तालको सतह भन्दा ४ मी. माथी पानीको सतह उठे पछि स्वादेशी तथा विदेशी पर्यटकको लागि डुंङ्गा शयर तथा जल क्रिडास्थलको पहिलो गन्तव्य तथा मनमोहक स्थान वन्ने छ ।
- खोलाले वगाउंदै ल्याएको गेग्रान व्यवस्थापनकोलागि सिल्ट ट्र्यापहरु निर्माण हुने छ ।
- दुई वटा मोटेरेवल आर.सि.सि. मल्टिसेल कल्भर्टहरु निर्माण गरिने छ ।
- पैदल यात्रीकोलागि तालको दांया किनारमा ६.९० कि.मी. लामो उच्च कोटिको आधुनिक पैदल मार्ग (Eco Trail) निर्माण हुने छ ।
- स्थानिय वासिन्दा तथा यहा आउने पर्यटकहरुको यातायात सुविधाका लागि तालको वांया किनारमा वर्षै भरि चल्ने ७.८० कि.मी. लामो ५ मी. चौडा कालो पत्रे पक्की सडक (पंहुच मार्ग) निर्माण हुने छ ।
- वातावरण संरक्षण तथा जल उत्पन्न प्रकोपवाट हुन सक्ने जोखिमलाई न्यूनिकरण गर्न जलाधार क्षेत्रमा व्यापक कार्यक्रम गरिने छ ।

- हालको १२२ हेक्टर क्षेत्रफल ताल विस्तार भई १८३ हेक्टर क्षेत्रफल भएको एक आकर्षक ताल हाम्रो अगाडी हुनेछ ।
- धार्मिक भक्तालुहरुको लागि तालको विच भागमा एउटा कृतिम थुम्को माथि मन्दिर सहित सुन्दर वाटिका निर्माण गरिनेछ भने सीता गुफाको संरक्षण तथा संम्वर्धन गरिने छ ।
- यस क्षेत्रको वस्तुस्थिति झल्काउने एक संग्रालय र एक पौडी पोखरी निर्माण गरिनेछ ।


आ.व. २०८१।०८२ देखि कार्यालयको नाम परिवर्तन भए संगै सिंचाइ संरचनाहरुको उचित मर्मत संभार, प्रभावकारी जल व्यवस्थापन, आधुनिकीकरण गर्ने ,नयाँ सिंचाइ योजनाहरुको निर्माण गरी वर्षैभरी भरपर्दो सिंचाइ सेवा पुर्याउने, जल उत्पन्न प्रकोपहरु बाढी, पहिरो, भू:क्षय रोकथाम , लिफ्ट सिंचाइ हरुको निर्माण तथा नदी नियन्त्रण सँग सम्बन्धित कार्यहरु यस आयोजनाले गर्दै आएको छ ।

**ख) जोखिमयुक्त जिल्ला सदरमुकाम संरक्षण कार्यक्रम :** वेनी वजार, म्याग्दी र वारी वेनी वजार, पर्वत ।

**ग) एकीकृत नदी बेसिन सिंचाइ तथा जलश्रोत व्यवस्थापन :**

**घ ) सिंचाइ संस्थागत बिकासं कार्यक्रम**

**२. संगठनात्मक स्वरुप**




नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय
जलस्रोत तथा सिंचाइ विभाग
सिंचाइ तथा जलस्रोत व्यवस्थापन आयोजना
पोखरा, कास्की

आयोजना प्रमुख

## ३. कर्मचारी दरबन्दी र पदपूर्तिको अवस्था

| सि. नं | पद | श्रेणी | दरबन्दी | पदपूर्ति | रिक्त | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | सि.डि.ई. (आयोजना प्रमुख) | रा.प. द्वितीय | १ | १ | ० | |
| २ | इन्जिनियर | रा. प. तृतीय | ५ | ९ | ० | |
| ३ | लेखा अधिकृत | रा. प. तृतीय (लेखा) | १ | १ | ० | |
| ४ | सव-इन्जिनियर | रा.प.अन.प्रथम | ४ | ४ | ० | |
| ५ | ना.सु. | रा.प. अन.प्रथम | १ | १ | ० | |
| ६ | स.क.अ. | रा.प अन द्धतीय | १ | १ | ० | |
| ७ | स.चा | श्रेणीविहिन | २ | २ | ० | |
| ८ | का.स. | श्रेणीविहिन | १ | १ | ० | |
| | **जम्मा** | | **१६** | **२०** | **०** | |

## ४. सेवा प्रदान गर्ने शाखाहरुको जिम्मेवार अधिकारीको टेलिफोन नम्बरहरु

| क्र.स. | कर्मचारीको नाम | पद | सम्पर्क नं. | शाखा |
|---|---|---|---|---|
| १ | बिदुर मान श्रेष्ठ | आयोजना प्रमुख (सि.डि.ई.) | ०६१-५८४१४०, ९८५६०८२४४० | आयोजना प्रमुख |
| २ | कृष्ण बहादुर वि.क. | इन्जिनियर | ९८५६०२९३५३, ९८५६०८२५४० | योजना, डिजाइन तथा कार्यान्वयन शाखा |
| ३ | निर्मल पौडेल | लेखा अधिकृत | ९८५६०८२६४० | आर्थिक प्रशासन |
| ४ | दिपक बहादुर थापा | इन्जिनियर | ९८४६५३११६३ | योजना, डिजाईन तथा कार्यान्वयन शाखा |
| ५ | विशाल थापा | इन्जिनियर | ९८५६००६७०६ | योजना, डिजाईन तथा कार्यान्वयन शाखा |
| ६ | नरजंग गुरुङ | इन्जिनियर | ९८४६०६३८४९ | योजना, डिजाईन तथा कार्यान्वयन शाखा |
| ७ | आयूष के.सी. | इन्जिनियर | ९८४७६६३७६९ | योजना, डिजाईन तथा कार्यान्वयन शाखा |
| ८ | यमुना के.सी. | इन्जिनियर | ९८४६१६७६१७ | योजना, डिजाईन तथा कार्यान्वयन शाखा |
| ९ | जीवन रेग्मी | इन्जिनियर | ९८४३३९२४८७ | योजना, डिजाईन तथा कार्यान्वयन शाखा |
| १० | मिलन भट्टराई | इन्जिनियर | ९८४६१०८९४३ | योजना, डिजाईन तथा कार्यान्वयन शाखा |
| ११ | यशोदा शर्मा | सव–इन्जिनियर | ९८४६३८८८२६ | योजना, डिजाइन तथा कार्यान्वयन शाखा |
| १२ | सुनिता गैह्रे | सव–इन्जिनियर | ९८६६०५६०९३ | योजना, डिजाइन तथा कार्यान्वयन शाखा |
| १३ | अशोक तिम्सीना | सव–इन्जिनियर | ९८५६०३६३९३ | योजना, डिजाइन तथा कार्यान्वयन शाखा |
| १४ | भागवत शर्मा | सव–इन्जिनियर | ९८६७७०९९११ | योजना, डिजाइन तथा कार्यान्वयन शाखा |
| १५ | जीव नाथ शर्मा | ना.सु | ९८४६०५२४१५ | प्रशासन |
| १६ | हिरामणि चौधरी | स.कम्प्युटर अपरेटर | ९८५६०८७०५५ | प्रशासन/कम्प्युटर |

## ५. सेवा प्राप्त गर्न लाग्ने दस्तुर

सेवावापत दस्तुर नलाग्ने, कार्यक्रम संचालन गर्दा निर्माण कार्यमा जनसहभागिता आवश्यक पर्ने ।

## ६. सेवा प्राप्त गर्न लाग्ने अवधि

आपतकालिनको लागि यथासिघ्र र अन्यको हकमा स्वीकृत वार्षिक कार्यक्रम अनुसार

## ७. निर्णय गर्ने प्रक्रिया र अधिकार

प्रचलित कानुन बमोजिम

## ८. गुनासो सुन्ने अधिकारी

आयोजना प्रमुख बिदुर मान श्रेष्ठ

## ९. सूचना अधिकारीको नाम

इन्जिनियर कृष्ण बहादुर वि.क.

## १०. सम्पादित कामको विवरण

यस आयोजना अन्तर्गत यस आ.व.२०८१/०८२ मा निर्माण तथा अन्य काम तर्फ सम्पादन गरिरहेको निम्नानुसारको कार्य रहेको छ ।

रुपाताल परियोजनाको हाल सम्मको प्रगतिः परियोजनाको कुल लागत ४ अरब ५२ करोड ८८ लाख मध्य यस आ.व. २०८१/२०८२ सम्म कुल रु २ अरब ६६ करोड २० लाख खर्च भई वित्तिय प्रगति करीब ५८.८४ % को हाराहारीमा पुगेको छ ।

वातावरण तथा ताल संरक्षणको लागि जलाधार क्षेत्रवाट वर्षादको याममा खोलामा आउने माटो तथा गेग्रान रोक्न, खोला नालाले दाँया बाँया किनाराको जमिनको कटान रोक्न र संरक्षणका लागि साना ठूला गरी तपसिल वमोजिमका संरचना निर्माण भई सकेका छन् ।

**रुपाताल भौतिक संरचना निर्माण कार्यः**

१) वातावरण तथा नदी नियन्त्रण तर्फः

- ९० वटा चेक डयाम, २८०० मी. रिभेटमेन्ट, ७ वटा कन्जर्वेशन पोण्ड निर्माण सम्पन्न
- ३ वटा सिल्ट ट्रयाप निर्माण सम्पन्न
- ७ वटा कंक्रिट बेड बार निर्माण सम्पन्न
- २५०० मी. इम्बेंक्मेन्ट बनाउने काम सम्पन्न भएको
- जलाधार क्षेत्रमा वायो इजिनियरिङ्गको काम थालनी भइरहेको ।

नेपाल सरकार ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय जलस्रोत तथा सिंचाइ विभाग सिंचाइ तथा जलस्रोत व्यवस्थापन आयोजना पोखरा, कास्की



आयोजना प्रमुख

२) बाँध, स्पीलवे कम वृज तथा गाइड वण्ड तर्फः

- डिजाइन एण्ड विल्ड प्रकृया अन्तर्गत ठेक्का वन्दोवस्त भई मिति २०७८।०१।१६ मा निर्माण व्यवसायी (नयाँ वाटोः–कालीका जे. भि. पोखरा) सँग **रु २८ करोड ९७ लाख** को सम्झौता भएको छ ।
- निर्माण व्यवसायीले अध्ययन तथा डिजाइन तयार गरी स्वीकृतिको लागि पेश भएको डिजाइन, जलस्रोत तथा सिंचाइ विभागवाट स्वीकृत भईसकेको र निर्माण कार्य शुरु भैरहेको ।
- ८१५ मी. लामो अस्थायी इंक्लोजर कफर्ड ड्याम तयार भएको ।
- ४५० मी. लामो पानी फर्काउने अस्थायी च्यानल निर्माण भएको।
- यस अन्तर्गत वाध तथा स्पील वे कम वृज, ७०० मीटर तटवन्द तथा १ वटा भवन निर्माण हुने।
- हाल निर्माण कार्य चालु रहेको, Foundation Treatment **को काम सम्पन्न भएको , बाध निर्माण द्रुत गतिमा भएको** र ठेक्काको म्याद २०८३.०५.२३ सम्म रहेको ।

३) पक्की कालो पत्रे सडक (पहँुच मार्ग ७.८ कि.मि.) तर्फः

- रुपातालको बाँया भागमा ७.८ कि.मि. पक्की कालो पत्रे सडक निर्माणको लागि ठेक्का वन्दोवस्त भई निर्माण व्यवसायी (धुकुचु कन्स्ट्रक्सन काठमाडौ ) सँग रु २३ करोड १० लाख वरावर रकमको मिति २०७८।०३।२३ मा सम्झौता भएको छ।
- उक्त ठेक्का गत आ.व.मा ठेक्का सम्पन्न भएको र हाल defect liability period भर्खर मात्र समाप्त भएको छ ।
- गत आ.व.को सिर्जित दायीत्व सम्पूर्ण भुक्तानी भएको छ ।

४) बाँध रहने ठाउँ कटहरे टुंडा देखि माथि रुपा ज्योति विद्यालय तल करिव ६.९० कि.मी. पैदल मार्ग (Eco-Trail) मध्ये १.३६५ कि.मी. को ट्रयाक खोल्ने र केहि संरक्षण कार्य सम्पन्न भएको छ । रु ३० करोडको श्रोत सुनिस्चित्ता स्वीकृत भएको । रुख कटानको लागी बन विभागमा फाइल पेश भएको ।

५) हाल सम्म १४७२ रोपनी रोक्का रहेकोमा आवश्यक संरचना तथा तालको संरक्षणको लागि आवश्यक पर्ने जग्गा ११९४ रोपनी बाहेक बाकि जग्गा फुकुवा गरिएको । हाल सम्म ९०० रोपनी जग्गा अधिग्रहण तथा घर टहराको क्षतीपूर्ति गरी जम्मा रु १ अरब ७ करोड मुआब्जा तथा क्षतीपूर्ति वितरण गरी सकिएको ।
६) ४ वटा ठेक्का तोडी कालो सुचिको लागी सिफारिश गरिएको ।

**ख) जोखिमयुक्त जिल्ला सदरमुकाम संरक्षण कार्यक्रम :** वेनी वजार, म्याग्दी र वारी वेनी वजार, पर्वत ।
जोखिमयुक्त जिल्ला सदरमुकाम संरक्षण कार्यक्रम अन्तरगत म्याग्दी जिल्लाको वेनी वजार तथा पर्वत जिल्लाको जलजला, कुश्मा अंतरगतको कालीगण्डकी नदी तथा म्याग्दी खोला व्यवस्थापनका कार्यक्रम पनि यसै आयोजना अन्तर्गत रही सम्पादन गर्दै आइरहेको छ ।यस आ व मा म्याग्दी खोलाको अत्यन्त जोखिम रहेको बेनी न पा को तातोपानी क्षेत्रमा पनि नदी व्यवस्थापनको कार्य यस आयोजनाले शुरु गरेको छ ।यस आ .व. मा विनियोजित बजेट रु १२ करोड ५३ लाख मध्य रु १२ करोड १३ लाख खर्च भई प्रगति ९६ प्रतिसत रहेको छ साथ श्रोत सुनिस्चितता प्राप्त रु २३ करोडको पनि ठेक्का व्यवस्थापन कार्य सम्पन्न भएको छ ।

नेपाल सरकार ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय जलस्रोत तथा सिंचाइ विभाग सिंचाइ तथा जलस्रोत व्यवस्थापन आयोजना पोखरा, कास्की




आयोजना प्रमुख

# टार - बजार संरक्षण कार्यक्रम
## (शुरु बजेट :- ६१०, शंशोधित :- १२५३)

| सि. न. | योजनाको नाम | बजेट | खर्च | कैफियत |
|---|---|---|---|---|
| १. | जोखिमयुक्त जिल्ला सदरमुकाम संरक्षण कार्यक्रम, वेनी, पर्वत | ३२८ | ३२७.९२ | टार बजार कार्यक्रममा रु १५ करोड तथा विपदको लागी रु७ करोड को श्रोत सुनिस्चितता प्राप्त भएको र सम्पूर्ण ठेक्का सम्झौता भइ सकेको |
| २. | जोखिमयुक्त जिल्ला सदरमुकाम संरक्षण कार्यक्रम, वेनी न.पा, म्याग्दी | ७५५ | ७५१.१८ | |
| ३. | सानोवगर अर्मादी कालीगण्डकी नदी व्यवस्थापन कार्य, कुश्मा न.पा.- ४, पर्वत | १०० | ८४.०७ | |
| ४. | विपदबाट क्षतिग्रस्त पहिरो तथा नदी नियन्त्रण योजनाहरुको पूनर्निर्माण कार्य | ७० | ५०.०१ | |
| | जम्मा | १२५३ | १२१३.१८ | ९६.६७ % |

# Kaligandaki River Management, Myagdi





नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय
जलस्रोत तथा सिंचाइ विभाग
सिंचाइ तथा जलस्रोत व्यवस्थापन आयोजना
पोखरा, कास्की


आयोजना प्रमुख

## ग) एकीकृत नदी बेसिन सिंचाइ तथा जलश्रोत व्यवस्थापन :

यस  कार्यक्रम अन्तर्गत पर्वत, वाग्लुङ्ग, म्याग्दी, मुस्ताङ्ग, तनहुँ ,स्याङ्गजा र कास्की जिल्लाहरुमा लिफ्ट सिंचाइहरुको पहिचान तथा निर्माण कार्य पनि यसै आयोजना कार्यालय वाट नै सम्पादन गर्दै आएको छ । साथै केहि अन्वेषण ट्युबेल निर्माणका कार्य हरु पनि यसै कार्यक्रम मार्फत शुरु गरिएको छ ।नदी बेसिनका सतहगत श्रोतमा आधारित सम्भाव्य सिंचाइ योजनाहरुको निर्माण कार्य पनि यसै आ. व. मा शुरु गरिएको छ ।यस आ. व. मा दम्काफाट लिफ्ट सिंचाइ बाग्लुंग मा सम्पन्न गरी करीब ४० हेक्टर जमिनमा सिंचाइ सुबिधा उपलब्ध भएको छ । सात वटा नया लिफ्ट सिंचाइ हरुको जलश्रोत तथा सिंचाइ बिभाग बाट appraisal स्वीकृत भइ ३ वटामा निर्माण कार्य शुरु गरिएको छ । पुराना ठेक्काहरुमा काम नगर्ने ४ वटा ठेक्का तोडी कालो सुचिमा राख्न सिफारिस गरिएको छ । यस आ .व. मा भएको खर्च तथा प्रगती तपसिलमा उल्लेख गरिएको छ ।

### एकीकृत नदी बेसीन सिंचाई तथा जलस्रोत व्यवस्थापन कार्यक्रम

| सि. न. | योजनाको नाम | बजेट | खर्च | कैफियत |
|---|---|---|---|---|
| १. | बेल्टारी फाट राताचौर लिफिटिङ सिचाइ आयोजना कालिगण्डकी ०५ स्याङ्जा | ४० | ३३.१६ | Appraisal स्वीकृत भइ सम्प well निर्माण भएको |
| २. | ऋपिङपाटन वृहत लिफ्टिङ सिंचाई, भिमाद नपा-५, तनहुँ | ४२ | ४०.५१ | |
| ३. | लोप्रे लिफ्ट सिंचाइ योजना, जलजला ५, पर्वत | १० | ९.६० | निर्माण कार्य सम्पन्न, पानी संचालन भएको |
| ४. | दम्काको फाँट लिफ्टिङ सिचाइ आयोजना बाग्लुङ्ग न.पा. १३ पैयुपाटा, बाग्लुङ्ग " | ९२ | ९१.९९ | ठेक्का सम्पन्न , ४० हे. जमिनमा सिंचाइ सुविधा पुगेको |
| ५ | अन्वेषण ट्युवेवेल निर्माण/प्रणालीनिर्माण कार्य /सर्वेक्षण कार्य | ९० | ८९.५१ | २ वटा सम्पन्न |
| ६ | नदि बेसिनका सतहगत स्रोतमा आधारित लिफ्ट तथा नविनतम प्रविधियुक्त सम्भाब्य सिंचाइ योजनाको निर्माण कार्य | ११० | ७१.८७ | ५ वटा योजना Appraisal स्वीकृत भइ १ वटा निर्माण कार्य सुरु , पुरानो ४ वटाठेक्का तोडी कालो सुचिमा सिफारिस |
| ७ | नदि बेसिनका सतहगत स्रोतमा आधारित सम्भाब्य सिंचाइ योजनाको निर्माण कार्य | २३६ | २३०.५२ | |
| | जम्मा | ६२० | ५६७.२० | ९१.४८ |



**ग) सिंचाइ संस्थागत बिकास :**

यस कार्यक्रम अन्तर्गत यस आयोजना कार्यालयको आफ्नै पक्की भवन निर्माण कार्य भैरहेको छ । रु ५ करोड ७ लाखमा सम्झौता भएको भवन निर्माण कार्य भर्खर मात्र सम्पन्न भएको छ ।श्रावण महिना बाट यस आयोजनाको सेवा पोखरा १७ स्थित आफ्नै भवनबाट शुरु हुनेछ ।


## सिंचाइ संस्थागत विकास

| भवन निर्माण कार्य | | |
|---|---|---|
| १ | निर्माण ब्यवसायी | Ecovus Construction pvt.ltd.,Tarkeshwor-07,Kathmandu |
| २ | सम्झौता रकम | रु. ५ करोड ७ लाख |
| ३ | सम्झौता मिति | २०७९/०२/०५ |
| ४ | निर्माण कार्य सक्नु पर्ने मिति | २०८२/०३/२५ |
| ५ | हालसम्म को भौतिक प्रगति | ✓ १००% (सम्पन्न ) |
| ६ | चालु आ.व. मा विनियोजन वजेट | रु. १ करोड १० लाख |
| ७ | चालु आ .व. को खर्च | रु. १ करोड १० लाख |
| ८ | सिर्जित दायीत्व | रु. ३० लाख ४१ हजार (आगामी आ व मा बजेट बिनोजन नभएको ) |

## सिंचाइ संस्थागत विकास कार्यक्रम



यस आयोजनाको कुल विनियोजित बजेट तथा  खर्च निम्न अनुसार रहेको छ ।




## यस आ व मा भएका उपलब्धिहरु

१. मुआब्जा संघर्ष समिति सँग सहमति गरी ५ महिना देखि निर्माण कार्य बन्द भएको बाध निर्माण कार्य सुचारु

२. बिगत देखि रोक्का रहेको जमिन 1472 रोपनी , आयोजनालाई चाहिने 1077 रोपनी बाहेक सम्पूर्ण फुकुवा गरीएको

३. बिगत १ बर्ष देखि रुख कटान सम्बन्धी फाइल बन बिभागमा अड्किएकोमा संशोधन पेश गरी प्रक्रिया अगाडी बढेको

४. गत आ व को सिर्जित दायीत्व थप बजेट प्रास गरी भुक्तानी भएको

५. इको ट्रेलको लागी ३० करोड, नदी व्यवस्थापनका लागी १५ करोड तथा वि पद को लागी ७ करोड को श्रोत सुनिस्चितता प्रास भएको

६. ४ वटा ठेक्का तोडी कालो सुचिको लागी सिफारिश गरिएको


७. ७ (सात) वटा नया लिफ्ट सिंचाइहरुको APPRAISAL स्वीकृत भएको

८. यस आ व को कुल प्रगती ९५% पुगेको



आयोजना प्रमुख

आयोजना अन्तर्गत निर्माणकार्य भएको वा भैरहेको संरचनाहरुको केहि झलकहरु





बाध निर्माण हुदै


नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय
जलस्रोत तथा सिंचाइ विभाग
सिंचाइ तथा जलस्रोत व्यवस्थापन आयोजना



आयोजना प्रमुख




Spillway निर्माण हुदै



बाटो निर्माण

नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय
जलस्रोत तथा सिंचाइ विभाग
सिंचाइ तथा जलस्रोत व्यवस्थापन आयोजना




...योजना प्रमुख



# Dredging Area





नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय
जलस्रोत तथा सिंचाइ विभाग
सिंचाइ तथा जलस्रोत व्यवस्थापन आयोजना
पोखरा, कास्की

आयोजना प्रमुख